आज मिति २०७५/०४/१४ गते मंगलबारका दिन यस इच्छाकामना गाउँपालिकाको अध्यक्ष श्री गिता कुमारी गुरुङ ज्यूको अध्यक्षतामा बैठक बसी तपसिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती

१.अध्यक्ष गिता कुमारी गुरुङ गा.पा.अध्यक्ष
२.सदस्य कृति कुमार श्रेष्ठ गा.पा. उपाध्यक्ष
३.सदस्य गोवर्धन अधिकारी ( अध्यक्ष वडा नं ३)
४.सदस्य नन्दलाल गिरी (अध्यक्ष वडा नं १)
५.सदस्य पञ्च बहादुर चेपाङ (अध्यक्ष वडा नं २)
६.सदस्य पार्वता गुरुङ (कार्यवाहक अध्यक्ष वडा नं ६)
७.सदस्य मोदराज सिलवाल (अध्यक्ष वडा नं ५)
८.सदस्य बम बहादुर थापा मगर (अध्यक्ष वडा नं ७)
९.सदस्य होम बहादुर राना मगर (अध्यक्ष वडा नं ४)
१०.सदस्य सावित्रि गुरुङ (प्रवक्ता)
११.सदस्य निर्मला श्रेष्ठ
१२.सदस्य दमन कुमारी चेपाङ
१३.सदस्य मन कुमारी सुनार
१४.सदस्य भद्र बहादुर प्रजा
१५.सदस्य मान बहादुर चेपाङ
१६.सचिव नरहरि सापकोटा (प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१) फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।
२) होर्डिङ बोर्डको सम्बन्धमा ।
३) व्यवसाय दर्ता सम्बन्धमा ।
४) जनप्रतिनिधी तथा कर्मचारीहरुको बैठक र भ्रमण भत्ता सम्बन्धमा ।
५) खाजा खर्चको दर रेट सम्बन्धमा ।
६) खाजा खाने समय निर्धारण सम्बन्धमा ।
७) योजना र ठेक्का प्रकृया अघि बढाउने सम्बन्धमा ।
८) कार्ययोजना पेश गर्ने सम्बन्धमा ।
९) कर्मचारी राख्ने सम्बन्धमा ।
१०) दायित्व सार्ने सम्बन्धमा ।
११) चमेना गृह संचालन सम्बन्धमा ।
१२) पदाधिकारीको सेवा सुविधा सम्बन्धमा ।
१३) इन्धन र सञ्चार खर्च सम्बन्धमा ।
१४) बालिका बचत खाता सम्बन्धमा ।
१५) निकासी करको सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं १ माथि छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र रहेका फोहोर मैला व्यवस्थापन गर्नको लागि टेन्डर प्रक्रिया गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र रहेका होडिङ बोर्डको लागि टेन्डर खोल्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र रहेको सबै उद्योग व्यवसायहरुलाइ गाउँपालिकाको गाउँसभाबाट पारित भएका राजश्व कर दायरा भित्र आपसी समन्वय गरि व्यवसाय दर्तामा ल्याउन सबै वडा कार्यालयहरुलाइ जिम्मेवारी दिई कार्यन्वयन अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव न ४ माथि छलफल गर्दा यस इच्छाकामना गाउँपालिकाको जनप्रतिनिधी तथा कर्मचारीहरुको बैठक भत्ता र भ्रमण भत्ता गाउँसभाले तोकिए बमोजिम गरिने निर्णय पारित गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाको कुनै पनि कार्यक्रम गर्दा कार्यक्रम खर्च कार्यपालिकाको बैठकको निर्णय अनुसार गर्ने र प्रत्येक बैठक / कार्यक्रममा बढीमा रु.७०।-देखि रु.१००।- को दरले मात्र खाजा खर्च गर्ने भनी निर्णय पारित गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस इच्छाकामना गाउँपालिकामा वडा कार्यलयमा कार्यरत कर्मचारीहरुलाइ सेवा ग्राहीहरुको सेवालाई ध्यानमा राख्दै खाजा खाने समय २:०० बजेदेखि २:३० बजेसम्म निर्धारण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ७ माथि छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र यस आ.व. २०७६/७७ को लागि विनियोजित भइ सभाबाट वा अन्य निकायबाट आएका योजनाहरुलाई कार्यान्वयन गर्न सम्झौता वा ठेक्का प्रक्रियामा लान भाद्र महिनाबाट शुरु गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस इच्छाकामना गाउँपालिका भित्रका सबै शाखाहरुले भाद्र महिना भित्र सबै कार्यक्रमहरुको मासिक वा वार्षिक कार्ययोजना तालिका निर्माण गरि कार्यपालिकामा पेश गर्नु पर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस इच्छाकामना गाउँपालिकामा तपशिल अनुसारका कर्मचारीहरुको आवश्यक पर्ने भएकोले विज्ञापन गरी कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

क) सवारी चालक ३ जना
ख) ब्याक हो लोडर सह-चालक १ जना
ग) कानुनी वकिल १ जना
घ) स्वास्थ्य कार्यालय सहयोगी ३ जना

ङ) स्वास्थ्य तर्फ अ.हे.व., एच.ए.र अ.न.मी १/१/१ जना
च) हेल्प डेस्कको लागि सहजकर्ता / सामाजिक परिचालक २ जना
छ) घर जग्गा व्यवस्थापन नापी गर्ने अमीन १ जना
ज) राजस्व अधिकृत १ जना

प्रस्ताव नं १० माथि छलफल गर्दा यस इच्छाकामना गाउँपालिका भित्र आ.व.२०७५/७६ मा भुक्तान दिन बाँकी रकमहरुलाई तपशिल अनुसार दायित्व सारी भुक्तान गर्ने निर्णय गरियो ।

क) प्रगति पाठशाला स्काउट कार्यक्रमलाई सहयोग रकम रु.१०००००।-
ख) सत्यदेवी टोल सुधार समितिबाट १५ मि. कायम गर्दा ग्याबिन लगाउन रकम २९५०००।-
ग) इच्छा न्यूजलाई कार्यक्रम खर्च रु.३५०००।-
घ) सौराहा अनलाइन कार्यक्रम खर्च रु २१०००।-
ङ)कानुनी परामर्शको लागि सेवा परामर्श गर्न कानुन विद अधिवक्ता जगन्नाथ पौडेल सहित दुई जनालाई रु २००००।-
च) सेवा परामर्श अधिवक्ता रमेश काफ्लेलाई रु.३००००।-
छ) योजना तर्जुमा गर्दा सहजकर्तालाई भुक्तान रु.३००००।-
ज) ल्याब जोखिम भत्ता भुक्तान अनुसार रु २००००।-
झ) गाउँपालिका स्वास्थ्य कार्यक्रम अन्तर्गत रु.४१९०००।-
ञ) दाहाखानी स्वास्थ्य चौकी उद्घाटन गर्दा लागेको खर्च रकम रु.३५०००।-
ट) महिला स्वास्थ्य स्वयम्सेवीका सुविधा वापत रु ११२००।-
ठ) सडक गुरुयोजना डि.पि.आर निर्माण बापतको इच्छाकामना इन्जिनियरिङ सर्भिस प्रा.लि लाइ दिन बाँकी रु ६८६०००।- दिने निर्णय गरियो ।
ड) जिल्ला समन्वय , प्रदेश, केन्द्रबाट प्राप्त योजनाहरुको म्याद थप भइ कार्यान्वयन भएका योजनाहरुको भुक्तान दिने निर्णय गरियो ।
ढ) राष्ट्रपति रनिङ शिल्ड अन्तर्गतको भुक्तान दिन बाँकी रकम रु.५४२५०।-दिने निर्णय गरियो ।
ण) शिक्षा शाखा प्रमुख दुर्गा देवी खड्कालाई सरुवा भ्रमण बापतको रकम ११८५०।- र अनुगमन भत्ता १५१५०।- गरी जम्मा २७०००।-दिने निर्णय गरियो ।
त) झोलुङ्गेपुल हेरालुको र झोलुङ्गेपुलको भुक्तान दिन बाँकी रकम दिने निर्णय गरियो ।
थ) लामो झरनाको भुक्तान दिन बाँकी सबै रकम भुक्तान दिने निर्णय पारित गरियो । निम्न रकम रु.....
द) विभिन्न कार्ययोजना गर्दा पदाधिकारीहरुलाई भुक्तान दिन बाँकी रकम प्रत्येक ७ जना वडा अध्यक्ष लाई ५०००।-का दरले रु.३५०००।- प्रत्येक ६ जना कार्यपालिका सदस्यलाई ३०००।-का दरले १८०००।- र गाउँसभामा यातायात खर्च बापत भुक्तान दिन बाँकी २८ जनालाई रु २०००।-को दरले रु ५६०००।-साथै वडा नं ७ को खर्च रु २०५५०।- भुक्तानी दिने निर्णय गरियो ।
ध) इच्छाकामा मन्दिरको डि.पि.आर निर्माण बापतको एन्जल इन्जिनियरिङ कन्सलटेन्सी लाइ दिन बाँकी रु ५२२५७५।- दिने निर्णय गरियो ।

न) सडक गुरुयोजना डि.पि.आर निर्माण बापतको इच्छाकामना इन्जिनियरिङ्ग सर्भिस प्रा.लि लाइ दिन बाँकी रु ६८६०००।- दिने निर्णय गरियो ।

प) बुडगे खानेपानि लिफ्टिङ्ग डि.पि.आर निर्माण बापतको सिद्धि विनायक इन्जिनियरिङ्ग प्रा.लि लाइ दिन बाँकी रु २९८३२०।- दिने निर्णय गरियो ।

फ) इच्छाकामना अस्पताल डि.पि.आर निर्माण बापतको ए.के.ए इन्जिनियरिङ्ग कन्सलटेन्स प्रा.लि लाइ दिन बाँकी रु ८७३५१८।- दिने निर्णय गरियो ।

ब) ज्यानदाला खानेपानि लिफ्टिङ्ग डि.पि.आर निर्माण बापतको न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिस प्रा.लि लाइ दिन बाँकी रु ३९७६४२।- दिने निर्णय गरियो ।

भ) गाउँपालिका भवन डि.पि.आर निर्माण बापतको न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिस प्रा.लि लाइ दिन बाँकी ६७४३३९।- दिने निर्णय गरियो ।

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस इच्छाकामना गाउँपालिकाको हाताभित्र रहेको चमेना गृह सन्चालन गर्न निरन्तरता दिने र विगत आ.व. २०७५/७६ मा सन्चालन गर्ने मन्जु खाजा घरलाई ५ प्रतिशत वृद्धि गरि तपशिल अनुसारको खाजा दर रेट राखी सम्झौता गर्ने निर्णय गरियो ।

मन्जु खाजा घर
खाना/खाजा को दर रेटहरु
सम्पर्क नं ९८६५०७५४६५

| क.सं. | विवरण | गाउँपालिका कर्मचारी/पदाधिकारी तथा पहुनालनालाई दररेट | अन्य | कैफियत |
|---|---|---|---|---|
| १ | सादा खाना | ८०/- | १००/- | |
| २ | चिकेन खाना | १२५/- | १६०/- | |
| ३ | मटन खाना | १९०/- | २५०/- | |
| ४ | मिनिरल वाटर | २०/- | २०/- | |
| ५ | कालो चिया | १५/- | १५/- | |
| ६ | दुध चिया | २०/- | २०/- | |
| ७ | कफि, दुध | ३५/- | ४०/- | |
| ८ | कफि कालो | २५/- | ३०/- | |
| ९ | सादा चाउमिन | ६०/- | ७०/- | |
| १० | अण्डा चाउमिन | १००/- | १२०/- | |
| ११ | चिकेन चाउमिन | १२०/- | १४०/- | |
| १२ | भेज म:म: | ६०/- | ७०/- | |
| १३ | चिकेन म:म: | ९०/- | १००/- | |
| १४ | अण्डा | २०/- | २०/- | |
| १५ | अम्लेट | ३०/- | ३५/- | |

| | | | | |
|---|---|---|---|---|
| १६ | चना | ४०/- | ४०/- | |
| १७ | समोसा तरकारी | ५०/- | ६०/- | |
| १८ | पुरी | १०/- | १५/- | |
| १९ | सुख्खा रोटी | १०/- | १५/- | |
| २० | सेल रोटी | २०/- | २०/- | |
| २१ | तरकारी | ४०/- | ४०/- | |
| २२ | मासु चिउरा | १२५/- | १५०/- | |
| २३ | दही | ३०/- | ४०/- | |
| २४ | दही चिउरा | ४०/- | ५०/- | |

प्रस्ताव नं १२ माथी छलफल गर्दा इच्छाकामना गाउपालिकाका पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा तपशिल अनुसार निर्णय गरि गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

क) अध्यक्ष :- प्रदेशले तोकेबमोजिम

ख) उपाध्यक्ष : - प्रदेशले तोकेबमोजिम

ग) वडा अध्यक्ष :- प्रदेशले तोकेबमोजिम

घ) वडा सदस्य :- प्रदेशले तोकेबमोजिम

ङ) कार्यपालिका सदस्य :- प्रदेशले तोकेबमोजिम

अन्य विषयमा गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष बाहेक कार्यपालिका सदस्यहरु र गाउँसभाका सदस्यहरुको बैठक र सभाको लागि यातायात खर्च रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) बैठक भत्ता बाहेक उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस इच्छाकामना गाउँपालिकाको पदाधिकारी र वडा कार्यलयलाई तपशिल अनुसारको इन्धन र सञ्चार खर्च उपलब्ध गराउने भनी गाउँसभाले पास गरे बमोजिम गर्ने निर्णय गरियो ।

क) अध्यक्ष :- इन्धन आवश्यकता र कार्यको आधारमा कुपन अनुसार गाउँपालिकाको साधन तोकिएको स्थानबाट लिने ।

ख) उपाध्यक्ष :- इन्धन आवश्यकता र कार्यको आधारमा कुपन अनुसार गाउँपालिकाको साधन तोकिएको स्थानबाट लिने ।

ग) वडा अध्यक्ष :- प्रत्येक महिनाको २० लिटर कार्यलयको मोटरसाइकलमा मात्र कुपन अनुसार उपलब्ध गराउने साथै वडा कार्यलयको लागि ५ लिटर को दरले उपलब्ध गराउने ।

घ) भौतिक निर्माणमा खटिएका इन्जिनियर,ओभरसियर लगायतका प्राविधिकहरु लाई कन्टन्जेन्सी बापतको रकम बाट कट्टा हुने गरि प्रत्येक महिना फिल्ड भत्ता बापत रु ५०००।- अक्षेरुपी पाँच हजार रुपैयाँ र लग सिटको आधारमा इन्धन दिने भनि निर्णय गरियो ।

**सन्चार खर्च सम्बन्धमा ।**

अध्यक्ष रु.२५००।-

उपाध्यक्ष रु.२०००।-

प्रशासकीय अधिकृत रु.१०००।-

वडा अध्यक्ष रु.१०००।-

वडा सचिव रु.५००।-

अनुगमन निरिक्षण र अन्य विषयमा नियम अनुसार बैठक तालिम भ्रमण आदिको लागि परिपत्र सहित तोकिएको मिति समय र कार्यक्रम उल्लेख गरि नियमानुसार उपलब्ध गराइने र कर्मचारीको हकमा जुन कार्यको लागि कार्यलयले खटाएको कामको लागि मात्र उपलब्ध नियमानुसार कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं १४ माथी छलफल गर्दा इच्छाकामना गाउँपालिकाको निति तथा कार्यक्रम अर्न्तगत गाउँपालिका भित्र रहेका स्वास्थ्य शाखा / केन्द्रहरु मा आएर सुत्केरी गराइ बालिका जन्मिएको अवस्थामा भविश्यमा बालिकाको शिक्षा,स्वास्थ्य जस्तो महत्वपूर्ण कुरामा टेवा पुगोस भन्ने उद्धेश्यले बालिकाको अविभावकहरुले कार्यालयले तोकेको बैंकमा बालिका बचत खाता खोलेको खण्डमा उक्त बचत खातामा रु १००००।- जम्मा गरिदिने निर्णय गरियो ।

प्रस्ताव नं १५ माथी छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र उत्पादन भएका वस्तु वा सामाग्रीहरु लाई अन्य स्थानमा निकासी गर्दा वातावरणीय शुल्क तथा आ.व.२०७६/०७७ विकास सेवा शुल्क निर्धारण गरिएको र सो अनुरुप कार्यविधी निर्माण गरि बढीमा ७ दिनको सुचना वा अन्य प्रकृया गरि कार्यान्वयन गर्ने भनि निर्णय पारित गरियो ।